# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: ८ मिति: २०८०/०५/१३ गते


## भाग-२

### शुक्लाफाँटा नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५, प्रथम संसोधन, २०८०

**स्वीकृत मितिः २०८०/०५/१२ गते**

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५ लाई संशोधन गर्न वान्छनिय भएकोले, नगर कार्यपालिकाले यो संसोधन स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “शुक्लाफाँटा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यबस्थापन गर्ने सम्बन्धि (प्रथम संसोधन) कार्यविधि, २०८०” रिहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शुक्लाफाँटा नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५को दफा ७ मा संसोधनः** (१) दफा ७ को उपदफा (६) को सट्टा "उपदफा (५) वमोजिम एक आर्थिक बर्षको निमित्त सेवा करारमा लिइएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा वा करार सम्झौता थप/ नविकरण गर्नु परेमा आवश्यकता औचित्य तथा कार्य सम्पादनको आधारमा नगर कार्यपालिकाको स्वीकृती लिई सम्झौता गरी कामकाजमा लगाउन सक्नेछ ।" भन्ने वाक्य राख्ने ।

**आज्ञाले,**
**टिकेन्द्र राज भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**